## व्यवहारमा...

प्रतिशत किशोरी २० वर्ष नपुग्दै आमा बनेका थिए । यसैगरी आर्थिक वर्ष ०७६/७७ मा १ हजार ५ सय २३ जना महिला आमा बनेका थिए । जसमध्ये १ सय ७१ जना महिला २० वर्षमुनिको रहेको अस्पतालले जनाएको छ । सानै उमेरमा विवाह गर्दा आमा र बच्चाको स्वास्थ्यमा नकारात्मक असर पर्ने थाहा पाउँदापाउँदै पनि सामाजिक सम्प्रदायको विकृति, गरिबी, डेमोग्राफिकलगायत कारणले बालविवाह कम हुन नसकेको अस्पतालका प्रसूति इन्चार्ज राममाया ठकुरी बताउँछिन् । ग्रामीण क्षेत्रमा मात्र नभई शिक्षित र सहरी क्षेत्रमा समेत २० वर्ष नपुग्दै बच्चा जन्माउनेको संख्या बढेको पाइएको छ । २० वर्षभन्दा कम उमेरमा गर्भवती भएका किशोरीको विवाह भने १५ देखि १८ वर्षमा भएको जिल्ला अस्पताल समजुङको अनुमान छ । (न्युज कारखाना)

## अधिकार...

संविधानको धारा २६८ अनुसार प्रदेश प्रहरीको सुपरिवेक्षण, रेखदेख र समन्वय संघीय प्रहरीले गर्न पाउने भनेर उल्लेख गरेको थियो । त्यसैगरी डिएसपीसम्मको सरुवा र प्रहरी निरीक्षकसम्मको बढुवा अधिकार प्रदेश प्रहरीलाई दिने व्यवस्था संघीय प्रहरी ऐनमा उल्लेख गरिएको थियो । तर, अहिले सबै अधिकार संघीय प्रहरी (प्रहरी मुख्यालय) ले लिन खोजेपछि संघ र प्रदेशबीच फाटो आएको हो । खासगरी प्रदेश प्रहरीलाई सबै अधिकार प्रत्यायोजन नगर्दा प्रहरी भर्नादेखि सरुवा–बढुवासम्म घुसपैठ हुने दाबी प्रहरी मुख्यालयको छ । तर, प्रदेश सरकारले भने संविधानमै उल्लेख भएका धाराअनुसार अधिकार प्रत्यायोजन नहुनु संघीयताको मर्म विपरीत भन्दै आएको छ । प्रदेश सरकारले प्रहरी भर्नादेखि सरुवा–बढुवासम्मको अधिकार आफूले पाउनुपर्ने दाबी गर्दै आएको छ । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणी पोखरेलले प्रदेश प्रहरीलाई अधिकार दिने विषयमा छलफल भइरहेको बताए । उनले संविधानमा उल्लेख भएअनुसार नै अधिकार प्रत्यायोजन गर्ने विषयमा गृह मन्त्रालय प्रतिबद्ध रहेको जानकारी दिए ।

## संघीय...

संघीयता विरोधीहरूले घेरा हालेका छन् । काठमाडौं आएर पनि गृहमन्त्रीलाई ध्यानाकर्षण गराएका थियौं । प्रदेश प्रमुखलाई पनि ध्यानाकर्षण गरायौं । उहाँ संघीय सरकारको प्रतिनिधी हो । तर, उहाँ पनि हामीसँगै धर्नामा हुनुहुन्छ । धर्ना अनुसार संघीय सरकारले दिएन भने आन्दोलन दोस्रो चरणमा जान्छ । संविधानले स्पष्ट शान्ति सुरक्षाको जिम्मा प्रदेश प्रहरीको भनिसकेपछि संघीय सरकारले किन अड्को थाप्नुपर्‍यो ? संघीय प्रहरी ऐनलाई काम गर्ने कानुन बनाउन सकिदैन । संविधानले प्रदेश र संघलाई चिन्दैन । यो सरकारले प्रदेशलाई अधिकार कम र माग्को अधिकार पनि प्रयोग गर्न दिएको छैन । मैले सर्वोच्च अदालतमा मुद्दा हालेको छु । तर, पेसीमा चढ्दैन । चढ्यो भने पनि पुछारमा राखिदिने । मलाई लाग्छ संघीय सरकार र अदालतको सेटिङ छ । संविधानअनुसार संघले अधिकार नदिएपछि बाध्य भएर आन्दोलनमा परेको हो ।

## ...निश्चित...

फरक पर्दैन । राष्ट्रिय अखण्डता र स्वाधिनतामा असर गर्छ भन्दै अहिले प्रदेश प्रहरीलाई अधिकार बाँडफाड गर्न आनाकानी भएको बुझेको छु । प्रदेश सरकारले छुट्टै अधिकार हामीलाई दिनुपर्छ भनेर भन्नु पनि अवाञ्छित नै हो । अर्कोतर्फ, मुलुक नै संघीयतामा गइसक्यो भने प्रहरीलाई संघीयतामा जान कसले रोक्यो ? केही अपरेसन अथोरिटी दिएर प्रदेशलाई अधिकार दिए भइहाल्यो नि । प्रदेशका प्रहरीले मात्रै संघीयता मान्नुपर्ने केन्द्र (संघ) ले मान्नु पर्दैन ? काठमाडौं उपत्यकाका सबैजसो प्रहरी कार्यालयको नाम परिवर्तन भइसके । तर, प्रहरी प्रधान कार्यालयको नाम किन संघीय प्रहरी कार्यालय बनेन ? प्रश्न यहीँनिर छ । फिर त संघीयता स्वीकार गर्नुपर्‍यो, होइन भने संघीयताको अभ्यास गर्न जान्नुपर्‍यो । प्रदेश प्रहरीको समन्वय र रेखदेख संघकै हो । उनीहरूको तत्कालको माग जायज छैन । तर, प्रदेश कार्यालयलाई दिने अधिकार अनुसार डिएसपीसम्मको सरुवा गर्ने, इन्सपेक्टरसम्मको बढुवा गर्ने कुरा नीतिगत हो । पहिल्यै कमान्डमेन्ट गरेपछि दिनुपर्छ । संघीयताको मर्मअनुसार अधिकारको प्रत्यायोजन गर्नुपर्छ ।

## राष्ट्रपतिबाट...

(३) बमोजिम सन्देशसहित यो विधेयक सम्मानीय राष्ट्रपति ज्यूले प्रतिनिधिसभामा फिर्ता पठाउनु भएको छ' राष्ट्रपति कार्यालयबाट आइतबार जारी विज्ञप्तिमा भनिएको छ । राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गर्ने कि नगर्ने भन्ने निर्णय लिने समय मध्यरातसम्म बाँकी थियो । संसदका दुवै सदनबाट पारित भएर साउन १६ गते उक्त विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाएका थिए । कुनै पनि विधेयकमाथि पुनर्विचार गर्न आवश्यक छ भन्ने लागेमा राष्ट्रपतिले विधेयक आएको १५ दिनभित्र संसदमा नै फिर्ता पठाउन सक्ने संवैधानिक प्रावधान छ । संविधानको धारा ११३ (३) मा प्रमाणीकरणका लागि पेश भएको अर्थ विधेयकबाहेक अन्य विधेयकमा पुनर्विचार हुन आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा त्यस्तो विधेयक पेश भएको १५ दिनभित्र निजले सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउने छ' भन्ने उल्लेख छ ।

संसदबाट बहुमतले पारित भएको नागरिकता विधेयकमा नेपाली पुरुषसँग विवाह गरेका महिलाले संसदीयमार्को कुनै बन्देज नराखेर वैवाहिक अंगीकृत नागरिकता पाउनसक्ने खुकुलो प्रावधान राखिएको भन्दै विरोध भइरहेको छ । सो प्रावधानप्रति आपत्ति जनाउँदै विधेयक प्रमाणीकरण नगर्न विभिन्न राजनीतिक दल र संघ संस्थाले राष्ट्रपति भण्डारीमाथि चौतर्फी दबाव दिइरहेका बेलामा राष्ट्रपतिले विधेयक पुनः संसदमै फिर्ता पठाएकी हुन् । संविधानको धारा ११३ (४) मा 'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यसलाई विधेयक प्रस्तुत रुपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिन भित्रमा राष्ट्रपतिले प्रमाणीकरण गर्ने' भन्ने उल्लेख गरिएको छ ।

## दरबन्दी...

आना २ पैसा ३ दाम जग्गा कृष्णा नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि उपयोग गर्न स्वीकृत दिने निर्णय गरेको छ । यसैगरी मन्त्रिपरिषद् बैठकले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन परिलो निर्देशिका-२०७९ स्वीकृत गर्ने, भारतीय सेनाका स्थल सेना अध्यक्षलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने, युएस डिपार्टमेन्ट अफ इनर्जीको आयोजनामा आगामी नोभेम्बर १४ देखि १८ सम्म अमेरिकामा हुने फन्डामेन्टल्स कार्यक्रममा नेपालको तर्फबाट शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई भाग लिन स्वीकृत दिने र रोमानियाको बोखारेस्टमा आइटियुको आयोजनामा आगामी अक्टोबर १० देखि २८ तारेखसम्म हुने अन्तर राष्ट्रिय दूरसञ्चार संघको कार्यक्रममा सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई स्वीकृत दिने निर्णय पनि गरेको छ । नेपाल स्वास्थ्य सेवा नियमावली-२०५५ को अनुसूची ३ को हेरफेर गर्ने र राजपत्रमा सूचना प्रकाशन गर्ने र आगामी भदौ ७ देखि ९ तारेखसम्म सदस्य राष्ट्र संघको आयोजनामा थाइल्याण्डको राजधानी बैंककमा हुने ग्रोइङ एक्सेल एन्ड सिपेन्डिङ स्मुथ ट्रान्जिसन स्ट्राटेजी कार्यक्रममा सहभागीका लागि राष्ट्रिय योजना आयोगका सचिवलाई स्वीकृत दिने निर्णय पनि बैठकले गरेको छ ।

## हामी...

कर्तव्य हो', उनले भनेका छन् । खानेपानीको मुहानमा फोहोर फाल्नेको भनेर तारकेश्वर नगरपालिका-३ का स्थानीय बासिन्दाले फोहोर लिएर बन्चरेडाँडा जाने गाडीहरू रोकेका थिए । स्थानीयका अनुसार, खोलाको पानी तारकेश्वर नगरपालिका-३ डाँडागाउँमा पर्ने नेपाल टेलमा ल्याएर खाने गरिएको छ । नदी किनारमा बिहानै फोहोरको थुप्रो देखेपछि स्थानीय युवाले सडक अवरुद्ध गरेका थिए । फोहोर फाल्नेहरूलाई कारबाही गर्न माग गर्दै सडक अवरुद्ध गरेपछि काठमाडौंबाट फोहोर लिएर गएका टिपरहरू पनि बन्चरेडाँडा जान सकेनन् । जनप्रतिनिधिको पहल प्रहरीले फोहोर फाल्ने ट्रक पत्ता लगायो । गाडीले फोहोर फालेको पत्ता लागेपछि चालकमाथि कारबाही सुरु भएको छ । नदी किनारमा फालिएको फोहोर पनि हटाउने काम भइरहेको बताइएको छ । तारकेश्वरको अवरोध हटेलगत्तै नुवाकोटको ककनी गाउँपालिकास्थित कागती गाउँमा निजी गाडीको ठक्करबाट बाबा मर्‍यो । स्थानीयले सडक अवरुद्ध गरे । काठमाडौं महानगरपालिकाको नगर प्रहरीका नायब उपरीक्षक (डिएसपी) पूर्णचन्द्र भट्टका अनुसार सम्बन्धित गाडीले क्षतिपूर्ति दिएपछि अवरोध हटेको छ । तर काठमाडौंबाट फोहोर बोकेर गएका टिपरहरू बन्चरेडाँडा ल्यान्डफिल साइट पुग्न सकेको छैन । फोहोर व्यवस्थापनको विषयलाई लिएर स्थानीयबासी आन्दोलनमा ओर्लिएको कारण देखाउँदै सत्ता गठबन्धन दलहरूले पनि त्यसमा सहयोग गर्ने निर्णय गरेका छन् । धादिङको धुनिबेंशी नगरपालिका-१ का कांग्रेस सभापति पूर्णसिंह तामाङ, माओवादी केन्द्रका अध्यक्ष विष्णु तामाङ र एकीकृत समाजवादीका अध्यक्ष भीषण धितालले संयुक्त रूपमा वक्तव्य जारी गर्दै बन्चरेडाँडामा फोहोर फाल्न नदिने घोषणा गरेका हुन् । विगत १७ वर्षदेखि काठमाडौंको फोहोर अव्यवस्थित तरिकाबाट फाल्दा स्थानीय बासिन्दाको जनजीवन अत्यन्तै कष्टकर बन्नुका साथै अधिरोगले पीडित बनाएको उनीहरूले बताएका छन् । उनीहरूले नगर प्रमुखलाई बुझाएको पत्रमा भनिएको छ, 'स्थानीय बासिन्दाले उचित माग गर्दै विभिन्न समयमा गरेको आन्दोलन पश्चात काठमाडौं महानगरपालिकासहित राज्यको विभिन्न निकायसँग पटकपटक गरेर अहिलेसम्म १ सय ७४ बुँदे सहमति भएको थियो । त्यो सहमति कार्यान्वयन गर्न नचाहेको र राज्यको आफ्नै निकायले गरेको सम्झौता पूरा नगर्दा सार्दो उल्टै राज्य शक्तिको दुरुपयोग गरेर पीडित जनतामाथि प्रहरी प्रशासन परिचालन गर्ने व्यवहार गरेको छ ।'

यसैबीच, सत्तारुढ गठबन्धनले काठमाडौंको फोहोर व्यवस्थापनबारे चासो देखाएको छ । फोहोरकै कारण कुनै पनि बेला महामारी फैलनसक्ने भन्दै गठबन्धनमा आबद्ध दलहरूले तुरुन्तु हेर्न नवन्न सरकारलाई आग्रह गरेका हुन् । आइतबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तारुढ गठबन्धनका शीर्ष नेताको बैठकले फोहोर व्यवस्थापनबारे काठमाडौं महानगरपालिकाका मेयर शाहसँग संवाद गर्न पनि प्रधानमन्त्री शेरबहादुर देउवालाई आग्रह गरेको छ ।


## मलेसियामा रोजगारको अवसर

१ कम्पनी : MALEX PAPER PRODUCTS SENDIRIAN BERHAD — शहर : JOHOR

पूर्व स्वीकृती मिति: २०७९/०४/२९ — चलानी नं. ६०१८५३२२ — LT. No.:269521

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. साक्षर दक्ष | 1500 | ४२,९१५ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छैन | छ | २ वर्ष |

२ कम्पनी : FALCON PLASTIC SDN BHD — शहर : PERAK

पूर्व स्वीकृती मिति: २०७९/०४/२९ — चलानी नं. ६०१८५३१९ — LT. No.:269520

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. साक्षर दक्ष | 1500 | ४२,९१५ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ ।

डि. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.

P.O. Box: 8573, Npc 577, पिंगलास्थान, गौशाला, काठमाडौं, फोन: ४४९८७५२, फ्याक्स: ४४९६९८०

E-mail : dproton2211@gmail.com, Web.: www.dproton.com.np


## Pauwadungma Rural Municipality

Office of the Rural Municipal Executive

Chyangre, Bhojpur, Province no:1

### Invitation for Bids

Invitation for Bids for the Upgrading of Tiwaribhanjayang- Mane Dadha- Sano Dumma-Adherighat Road (Panchakanya Krishi Sadak)

Contract Identification No : PRM/NCB/Works/079-80/01

Date of publication : 2079-04-30

1. *Pauwadungma Rural Municipality,Bhojpur* invites electronic bids only from eligible bidders for the Upgrading of Tiwaribhanjayang- Mane Dadha- Sano Dumma-Adherighat Road (Panchakanya Krishi Sadak) under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years : *NRs.* *NRs. 4,50,00,000.00*
2. Minimum Work experience of similar size and nature : At least one Construction or upgrading of road within the last 10(Ten) years, each with a value of at least *NRs1 ,20,00,000.00.*
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Pauwadungma Rural Municipality,Bhojpur* or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.


## Malaysia मा रोजगार

1. Serba Wangi (Perak) Sdn. Bhd.

पूर्व स्वीकृती मिति: २०७९/४/२७ — चलानी नं. ६०१८५३७५ — LT No. : 269341

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 20 | 0 | साधारण | 1500 | ४२,८७१/- | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छैन | छ | ३ वर्ष |

2. Kasatani Advance Technology Sdn. Bhd.

पूर्व स्वीकृती मिति: २०७९/४/२९ — चलानी नं. ६०१८५३७१ — LT No. : 269404

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 10 | 0 | साधारण | 1500 | ४२,८७१/- | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता २०७९ भदौ ६ गते (22 Aug., 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Gurkha Employment PVT. LTD.

Tokha-14, Samakhusi, Kathmandu, Tel.: 01-4383267

Email : contactgurkha@gmail.com | Web : www.gurkhaemployment.com


## Janakpurdham Sub-Metropolitan City

Office of the Municipal Executive

Janakpurdham, Dhanusha

Madhesh Province, Nepal

### Invitation for Bids

Date of publication: 2079-04-30 (15th August, 2022)

Janakpurdham Sub-Metropolitan City has allocated funds from Road Board Nepal towards the cost of Construction of below Mentioned Work. Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Excluding VAT | Minimum Work experience of similar size and nature. | Bid Document Fee. |
|---|---|---|---|---|
| 1-2079/80 Works | Black Topped Road at Janakpurdham-8, From Paglababa Dharmashala to Highway Road | 71,69,552.60 | At Least One Project of Black Topped Road (Asphalt) having Value of Nrs. 48,60,000.00 | 3000.00 |

Chief Executive Officer

## फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

### सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०४/३० गते

यस फेदाप गाउँपालिकाको पहिचानलाई कायम राख्न एवम यस गाउँपालिका भित्र रहेको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांकृतिक विविधता एवम प्राकृतिक पहिचान र सुन्दरतालाई प्रत्येक फेदापेली र नेपालीको स्वर भावना र आत्मामा सदा सर्वदा रहिरहोस भन्ने पवित्र भावना साथ फेदाप गान को रचना गर्नुपर्ने भएको साथै फेदाप गाउँपालिकाको प्राकृतिक सम्पदा, बहुजातिय, सांस्कृतिक, विविधतालाई समेत समेटी राष्ट्र र राष्ट्रियतालाई असर नपर्ने गरी पहिचानलाई उजागर गर्ने गरी यस गाउँपालिकाको लोगो (पहिचान चिन्ह) समेत बनाउनु पर्ने भएकोले तपशील अनुसारका विशेषताहरूलाई समेटी फेदाप गानको रचना र लोगो मिति २०७९।०५।३० भित्र डिजाइन गर्न इच्छुक सम्पूर्णमा यो सूचना प्रकाशित गरिएको छ ।

**फेदाप गान**

1. स्पष्ट बुझिने गरी नेपाली भाषामा लेखिएको हुनु पर्ने ।
2. गाउँपालिकाको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांकृतिक विविधता एवम प्राकृतिक पहिचान झल्काउँने हुन पर्ने ।
3. गाउँपालिकाबासीहरुमा जोस जाँगर उत्साह भर्ने खालको हुनु पर्ने ।
4. बढीमा ८५ शब्दको हुनु पर्ने ।
5. फेदाप गान रचना गर्ने रचनाकारले आफ्नो नागरिकताको फोटोकपी अनिवार्य पेश गर्नुपर्ने

सर्वोत्कृष्ट फेदाप गानको रचनाकारलाई रु २५,०००।(कर सहित) नगद पुरस्कार प्रदान गरिने छ ।

**फेदाप लोगो**

- फेदाप गाउँपालिकाको नाम "फेदाप गाउँपालिका पोक्लाबाङ तेह्रथुम" राष्ट्रिय झण्डा, राष्ट्रिय फूल, अनिवार्य समावेश हुनुपर्ने ।
- गाउँपालिकाको पहिचान, ऐतिहासिकता, जनजीवन, भूगोल, सांस्कृतिक चिनारी झल्कनु पर्ने ।
- नेपालको सार्वभौमसत्ता अखण्डतामा असर पार्ने संकेत हुनु नहुने ।
- अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्ने ।
- रङ्गिन हुनुपर्ने ।
- लोगोमा फेदाप गाउँपालिकाको नाम माथिल्लो भागमा र नारा "शिक्षा पर्यटन र विकास फेदापका गौरवपूर्ण इतिहास" तल्लो भागमा हुनु पर्ने ।
- लोगो स्वीकृतीको अधिकार गाउँपालिकामा रहनेछ ।
- गाउँपालिकाको नक्सा अनिवार्य राख्नु पर्ने ।
- ह्याङ्गुङ झरना र चिचिलिङ पोखरीको प्रतिक संलग्न गर्ने ।
- ५ वटा वडा जनाउने संकेत राख्नुपर्ने ।
- प्रयोग गरिएका संकेतको संक्षिप्त व्याख्या हुनुपर्ने ।
- लोगो बनाउने डिजाइनरले आफ्नो नागरिकताको फोटोकपी अनिवार्य पेश गर्नुपर्ने ।

सर्वोत्कृष्ट फेदाप लोगोको डिजाइनरलाई रु २५,०००।(कर सहित) नगद पुरस्कार प्रदान गरिने छ ।

सम्पर्क नं ९८५२०८०५०० वा ९८५२०५०४६६ वा ९८५२०८०६०० वा ९८४२२६४२२२ वा ९८४२०६६६३७

नि प्रमुख प्रशासकीय अधिकृत

Nabin Bhattarai
Chief Administrative Officer

## अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले चिनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य निम्न बमोजिम भएको ब्योहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि.नं. | मालवस्तुको बिवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाइ | अधिकतम खुद्र बिक्री मूल्य (MRP) | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooking Range | 60X60X81cm | White-Westing house | FS-60-ES6 | 46 Kg | China | Piece | 32,715.00 | |

बिक्रेताको नाम : एक्सीस इन्टरनेशनल
ठेगाना : न्युरोड काठमाडौं

स्थायी लेखा नं. : ३००१८३८५५
फोन नं. ०१-४२१३३१७